VERMONT DEPARTMENT OF HEALTH

# भर्मोन्टमा विवाह

## तपाईंलाई भर्मोन्टमा आफ्नो विवाहको योजना बनाउनमा मद्दत गर्नको लागि प्रश्न तथा उत्तरहरू

1. **भर्मोन्टमा कसले विवाह गर्न सक्छन् ?**

   कम्तीमा पनि 18 वर्ष उमेर पुगेका दुईजना व्यक्तिले भर्मोन्टमा कानुनी विवाह गर्न सक्छन् ।

2. **के विवाहसम्बन्धी कुनै अन्य प्रतिबन्धहरू छन् ?**

   संरक्षकत्वमा रहेको कसैले पनि संरक्षकको लिखित सहमतिबिना विवाह गर्न सक्दैनन् । भर्मोन्टले सबैभन्दा नजिकका नातेदारहरू बीचमा पनि विवाहलाई अनुमति दिँदैन । तपाईंले आमा, बुबा, हजुरबुबा, हजुरआमा, दिदीबहिनी, दाजुभाइ, सन्तान, नातिनातिना, भतिजा, भतिजी, काका वा काकीसँग विवाह गर्न सक्नुहुन्न । यदि तपाईंहरूमध्ये कोही अहिले अरू कसैसँग विवाहित हुनुहुन्छ वा तपाईंहरूमध्ये कोही अर्को व्यक्तिसँग सिभिल युनियनको सम्बन्धमा हुनुहुन्छ भने पनि तपाईंले विवाह गर्न सक्नुहुन्न । कानुनको अनुसार दुवै पक्षहरू मानसिक रूपमा स्वस्थ हुनुपर्छ ।

3. **के हामीलाई विवाहको अनुमतिपत्र आवश्यक पर्छ ? के हामीले रगतका परीक्षणहरू गराउन आवश्यक पर्छ ?**

   तपाईंहरूलाई अनुमतिपत्र आवश्यक पर्छ तर तपाईंहरूले रगतका परीक्षणहरू गराउन आवश्यक पर्दैन र कुनै प्रतीक्षा अवधि पनि छैन ।

4. **हामीले विवाहको अनुमतिपत्र कहाँ पाउँछौं र यसको लागि कति खर्च लाग्छ ?**

   तपाईंहरूले भर्मोन्ट टाउन/सिटी क्लर्कबाट अनुमतिपत्र प्राप्त गर्न सक्नुहुन्छ र यसको लागि $80 लाग्छ । अनुमतिपत्र जारी भएको मितिदेखि 60 दिनसम्म मान्य हुन्छ । उक्त समयावधिभित्र अधिकारप्राप्त व्यक्तिले तपाईंहरूको विवाह गराउनुपर्दछ — अन्यथा, अनुमतिपत्र रद्द हुन्छ ।

5. **विवाहको अनुमतिपत्र प्राप्त गर्न हामीले के-के जानकारी अनिवार्य रूपमा उपलब्ध गराउनुपर्छ ?**

   आफ्नो बारेमा आधारभूत जानकारी (नाम, बसोबास गर्ने सहर, स्थान र जन्म मितिहरू) का अतिरिक्त, तपाईंहरूले आफ्ना आमाहरूको जन्मका (विवाह पूर्वका) नामहरूलगायत आफ्नो आमाबुबाका नामहरू र उहाँहरूको जन्म स्थानहरू पनि उपलब्ध गराउनुपर्छ । तपाईंहरूको जन्म दर्ता प्रमाणपत्रहरूको प्रमाणित प्रतिहरूमा यीमध्ये धेरैजसो जानकारीहरू हुन सक्छन् । तपाईंहरूलाई अघिल्लो विवाह र सिभिल युनियनहरूको संख्या र ती सम्बन्धहरू कसरी तथा कहिले समाप्त भए भन्ने कुरा पनि सोधिनेछ । यो जानकारी गोप्य रहन्छ र तिनीहरूलाई विवाह प्रमाणपत्रमा समावेश गरिँदैन । भर्मोन्टको कानुननुसार तपाईंहरूले उपलब्ध गराउनुभएको जानकारीको सत्यता प्रमाणित गर्नका लागि दुवै पक्षहरूले आवेदनमा हस्ताक्षर गर्न आवश्यक हुन्छ । उपलब्ध गराइएको जानकारीले तपाईंहरूलाई भर्मोन्टमा विवाह गर्न निषेध गर्छ भनेर देखाउँदैन र तपाईंहरू दुवैले आवेदनमा हस्ताक्षर गर्नुभएको छ भनी पुष्टि गर्न टाउन क्लर्कले आवेदनको समीक्षा गर्नुहुनेछ । त्यसपछि, यदि तपाईंहरूमध्ये कम्तीमा पनि एकजनाले क्लर्कको उपस्थितिमा अनुमतिपत्रमा हस्ताक्षर गर्नुभएको छ भने टाउन क्लर्कले अनुमतिपत्र जारी गर्नुहुनेछ ।

6. **यदि हामीमध्ये कोही पहिले विवाहित रहेको वा सिभिल युनियनको सम्बन्धमा भएको भए के हुन्छ ?**

   यदि तपाईंको श्रीमान, श्रीमती वा सिभिल युनियनको पार्टनरको मृत्यु भएको छ भने तपाईं विवाह गर्न स्वतन्त्र हुनुहुन्छ । क्लर्कले तपाईंको जीवनसाथी वा सिभिल युनियन पार्टनरको मृत्यु भएको मिति सोध्नुहुनेछ । यदि तपाईंको सम्बन्धविच्छेद भएको छ भने तपाईंले तपाईंको अघिल्लो विवाह वा सिभिल युनियनको सम्बन्ध कानुनी रूपमा समाप्त भएको मितिपछि पुन: विवाह गर्न सक्नुहुन्छ । यदि तपाईंहरू विद्यमान सिभिल युनियनमा पार्टनरहरू हुनुहुन्छ भने तपाईंहरू एक अर्कासँग विवाह गर्न स्वतन्त्र हुनुहुन्छ ।

7. **के हुलाकमार्फत अनुमतिपत्र जारी गर्न सकिन्छ ? के हामी प्रतिनिधि (प्रोक्सी) मार्फत विवाह गर्न सक्छौं ?**

   सकिँदैन । हुलाकमार्फत विवाहको अनुमतिपत्र जारी गर्न सकिँदैन र तपाईंहरूले प्रतिनिधि (प्रोक्सी) मार्फत विवाह गर्न सक्नुहुन्न ।

8. **हामी कहाँ विवाह गर्न सक्छौँ ?**

   वैध भर्मोन्ट अनुमतिपत्र प्राप्त गरिसकेपछि तपाईंहरूले भर्मोन्टमा कहीं पनि विवाह गर्न सक्नुहुन्छ तर भर्मोन्टमा मात्र ।

**9. हामीसँग कसले विवाह गर्न सक्छ ? के हामीलाई साक्षीहरू आवशयक पर्छ ?**

सर्वोच्च अदालतका न्यायाधीश, उच्च अदालतका न्यायाधीश, डिस्ट्रिक्ट न्यायाधीश, प्रोबेटका न्यायाधीश, सहायक न्यायाधीश, शान्तिको न्यायाधीश वा भर्मोन्टमा बसोबास गर्ने पादरीहरूमध्ये नियुक्त गरिएको वा इजाजतपत्र प्राप्त पादरीले तपाईंको विवाह गराउन सक्नुहुन्छ । जोडिएको राज्य वा देशमा बस्ने पादरीको चर्च, मन्दिर, मस्जिद वा अन्य धार्मिक संस्था पूर्ण वा आंशिक रूपमा भर्मोन्टमा पर्छ भने उहाँले तपाईंहरूको विवाह गराउन सक्नुहुन्छ । यदि कुनै अन्य राज्य वा क्यानडामा बस्ने पादरीले विवाह हुने डिस्ट्रिक्टको प्रोबेट अदालतबाट विशेष स्वीकृति प्राप्त गरेमा उहाँले तपाईंहरूको विवाह गराउन सक्नुहुन्छ । यसका साथै, 18 वर्षभन्दा माथिको कुनै पनि व्यक्तिले विवाहको लागि अस्थायी अधिकारी बन्न सेक्रेटरी अफ स्टेटसँग दर्ता गराउन सक्छन् । दर्ता फारम भरेको र $100 को दर्ता शुल्क तिरेको व्यक्तिले विशिष्ट भर्मोन्ट विवाह सम्पन्न गराउन उक्त व्यक्तिलाई स्वीकृति प्रदान गरिएको प्रमाणपत्र प्राप्त गर्नेछन् । उक्त विवाहलाई सम्पन्न गराउने व्यक्तिको अधिकार सम्बन्धित अनुमतिपत्र समाप्त भएकै समयमा समाप्त हुनेछ । अस्थायी  विवाह अधिकारी हुन दर्ता गर्ने बारेमा जानकारीको लागि https://sos.vermont.gov/ मा जानुहोस् वा 802-828-2363 मा फोन गर्नुहोस् । भर्मोन्टको कानुनअनुसार साक्षीहरू आवश्यक पर्दैनन् तर तपाईंहरूले धार्मिक समारोहको योजना बनाउँदै हुनुहुन्छ भने धर्मका सिद्धान्तहरूअनुसार साक्षीहरू आवश्यक पर्छन् कि पर्दैनन् भनेर बुझ्नुहोस् ।

**10. हामीले अनुमतिपत्रको के गर्छौं ? विवाह समारोहपछि यसलाई के गरिन्छ ?**

कानुनअनुसार तपाईंहरू दुवैले अनुमतिपत्रमा अनिवार्य रूपमा हस्ताक्षर गर्नुपर्छ र विवाह गर्नुअघि तपाईंको विवाह गराउने व्यक्तिलाई अनुमतिपत्र दिनुपर्छ । विवाह समारोहपछि विवाह गराउने व्यक्ति (अधिकारी) ले मिति, स्थान र विवाह गराउने अधिकारीको जानकारीसम्बन्धी खण्डहरू भर्नुहुनेछ र तपाईंहरूको अनुमतिपत्रमा हस्ताक्षर गर्नुहुनेछ । उक्त समयमा अनुमतिपत्र विवाहको प्रमाणपत्र बन्छ । अधिकारीले विवाह भएको 10 दिनभित्र जारी गरिएको टाउन क्लर्कको कार्यालयमा अनिवार्य रूपमा प्रमाणपत्र फिर्ता गर्नुपर्छ ताकि तपाईंहरूको विवाहलाई आधिकारिक रूपमा दर्ता गर्न सकियोस् । यदि अधिकारीले अस्थायी विवाह अधिकारीको रूपमा सेक्रेटरी अफ स्टेटमा दर्ता गराउनुभएको छ भने सेक्रेटरी अफ स्टेटद्वारा जारी गरेको स्वीकृतिको प्रमाणपत्रको प्रति हस्ताक्षर गरिएको प्रमाणपत्रसँगै क्लर्कको कार्यालयमा फिर्ता गरिनुपर्छ ।

**11. हामीले हाम्रो विवाह प्रमाणपत्रको प्रति कसरी प्राप्त गर्छौं ?**

तपाईंहरूले आफ्नो विवाहको अनुमतिपत्र खरिद गरेको समयमा तपाईंहरूले तपाईंको विवाह रेकर्ड हुने बित्तिकै तपाईंको प्रमाणपत्रको प्रमाणित प्रति तपाईंहरूलाई हुलाकमार्फत पठाउनको लागि टाउन क्लर्कसँग व्यवस्था मिलाउन सक्नुहुन्छ । प्रमाणित प्रतिको शुल्क $10 र अनुमतिपत्र खरिदको लागि $80 गरेर कुल खर्च ($10 + $80 = $90) लाग्छ । वा विवाह भएको दुई हप्ता वा सोभन्दा बढी समयपछि, तपाईंले सोही $10 शुल्कमा आफ्नो अनुमतिपत्र खरिद गर्नुभएको टाउन क्लर्कको कार्यालयमा आफैं आएर वा लिखित रूपमा थप प्रतिहरू अनुरोध गर्न सक्नुहुन्छ । वा विवाह भएको छ हप्ता वा सोभन्दा बढी समयपछि तपाईं आफैं आएर वा लिखित रूपमा तपाईंले Vermont Department of Health को Vital Records Office मा $10 मा एक प्रमाणित प्रति अनुरोध गर्न सक्नुहुन्छ । कुनै पनि अवस्थामा, तपाईंले सहर वा राज्यको छापसहित उपयुक्त अधिकारीद्वारा हस्ताक्षर गरिएको र मिति लेखिएको सक्कल मूल प्रमाणपत्रको प्रति प्राप्त गर्नुहुनेछ ।

*जुलाई 1, 2023 मा अद्यावधिक गरिएको*